# सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको गौमुल गाउँपालिका, बाजुरासंग सम्बन्धित स्वतः प्रकाशन

# (Pro-active Disclosure)

**२०८० बैशाख देखि असार मसान्तसम्म**

**र बार्षिक प्रगति प्रतिवेदन**

## १. गौमुल गाउँपालिका, बाजुराको स्वरुप र प्रकृतिः

गौमुल गाउँपालिकाको नाम धार्मिक तथा पर्यटकीय स्थल बुढिगंगा नदीको मुहान संग जोडिएको छ। साविकको दहकोट गाविस हुदै बाजुरा र अछाम जिल्ला भएर बग्ने वुढिनन्दा नदिको मुहान साविकको दहकोट गाविसमा रहेको जेठीवाहुरानी हिमालको फेदीबाट बग्दछ। उक्त मुहानबाट पानी निस्कदा गाईको मुख भित्रबाट निस्केको जस्तो देखिने आकृति भएकोले यस मुल लाई गाईको मुल अर्थात गौमुल भनिएको यो क्षेत्र पवित्र धार्मिक स्थलको रुपमा प्राचिन काल देखि विश्वास गरिदै आएको स्थान भएको र वुढिगंगा नदिले हालको गौमुल गाउपालिकाको प्राय धेरै जसो स्थानलाई आफ्नो वहाव क्षेत्र वनाएकोले उक्त धार्मिक तथा पर्यटकीय क्षेत्रको नामबाट यस गाउपालिकाको नामाकरण गरिएको पाईन्छ। बाजुरा जिल्लामा रहेका ९ वटा स्थानीय तहहरु मध्ये गौमुल गाउँपालिका दुर्गम र भौगोलिक रुपमा विकट गाउँपालिका हो। यस गाउँपालिकाको सिमाना पूर्वमा बुढिनन्दा नगरपालिका, पश्चिममा बझागं जिल्ला, हिमाली गाउपालिका र बझागं जिल्ला र  दक्षिणमा बडिमालिका नगरपालिका र छेडेदह गाउँपालिका सँग जोडिएको छ।

यो गाउँपालिका समुद्री सतह देखि १३६० मिटर देखि ५४४० मि. सम्म फैलिएको छ। यस गाउँपालिकाको अधिकाँश भूभाग उच्च पहाडी र हिमाली क्षेत्र भित्र पर्दछ। यो गाउपालिका ५२८४३१.५६७६९९ मि पश्चिमी देशान्तर देखि ५५५६६३.८७७३९५ मि.पूर्वी देशान्तर सम्म फैलिएको छ भने ३२८५५२८.४९९८७१ मि उत्तर देखि ३२८५५२८.२४६६५२ मि दक्षिणी अक्षाँश सम्म फैलिएको छ। ३१४.६६ वर्ग किलो मिटरमा क्षेत्रफलमा यो गाउँपालिका फैलिएको छ। यस गाउँपालिकाको अधिकाँश भुभाग उच्च पहाडी र हिमाली क्षेत्रमा पर्दछ।

यस गाउँपालिकाको अधिकाँश क्षेत्र भिरालो तथा चट्टानी भुभागमा रहेको छ। यस गाउँपालिकामा वनजंगलले ३७ प्रतिशत भुभाग ओगटेको छ। घासे भुभाग २३.९२ प्रतिशत, वुट्यान १९ प्रतिशत र बाँझो उजाड भुभागले पनि १२.६२ प्रतिशत ओगटेको छ।

## २. गौमुल गाउँ कार्यपालिका, बाजुराको काम, कर्तव्य र अधिकारः

(क) गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची–८ मा उल्लेख भए बमोजिम हुनेछ। (ख) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) गाउँपालिका वा नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(२) गाउँपालिका वा नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(४) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,

(५) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(८) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्थापना,
(९) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण,
(१०)छाडा पशु चौपायाको नियन्त्रण,
(११) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,
(१२) कार्यपालिकाले तोकेको अन्य कार्य,
(१३) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,
(१४) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,
(१५) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,
(१६) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
(१७) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्ढलन र व्यवस्थापन,
(१८) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,
(१९) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,
(२०) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवद्र्धन,
(२१) ढुगां, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुगां आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन
(२२) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन
(२३) स्थानीय राजस्व प्रवद्र्धनका लागि प्रोत्साहन,
(२४) राजस्व सूचना तथा तथ्याकंको आदान प्रदान,
(२५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
(२६) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
(२७) मालपोत सकंलन,
(२८) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य,
(२९) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,
(३०) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,
(३१) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
(३२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याकंन र नियमन,
(३३)गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
(३४) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
(३५) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,
(३६) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवद्र्धन,
(३७) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,

(३८) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन।

(३९) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,

(४०) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(४१) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,

(४२) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(४३) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(४४) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुगें पूल, पुलेसा, सिँचाइ र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(४५) स्थानीयस्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४६) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(४७) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(४८) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

(४९) कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

(५०) पशुपक्षी चिकित्सा सेवाको व्यवस्थापन,

(५१) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवद्र्धन,

(५२) जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(५३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(५४) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

(५५) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सकंलन तथा सूचना व्यवस्थापन,

(५६) सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,

(५७) भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,

(५८) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण।

**३. गौमुल गाउँपालिका, बाजुराको स्वीकृत दरबन्दी विवरण र कार्यविवरणः**

| क्र.स. | पद | सेवा/समुह | दरबन्दी संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | सामान्य प्रशासन | १ | ० | |
| २ | प्रशासन अधिकृत | सामान्य प्रशासन | २ | १ | |
| ३ | लेखा अधिकृत | लेखा | १ | ० | |
| ४ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | १ | १ | |
| ५ | शिक्षा अधिकृत | शिक्षा | १ | ० | |
| ६ | लेखापाल | लेखा | १ | १ | |
| ६ | आन्तरिक लेखा परिक्षक | लेखा | १ | १ | |
| ७ | प्रशासन सहायक पाँचौ | सामान्य प्रशासन | ६ | २ | |
| ८ | कम्प्युटर अपरेटर | विविध | १ | १ | |
| ९ | लेखा सहायक | लेखा | १ | ० | |
| १० | प्राविधिक सहायक | शिक्षा | १ | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | प्रशासन सहायक चौथो | सामान्य प्रशासन | ६ | ३ | २ अस्थायी करार |
| १२ | सव ईन्जिनियर | सिभिल | ३ | १ | करार |
| १३ | अ.स.ई. | सिभिल | ५ | ५ | करार |
| स्वास्थ्य | | | | | |
| १४ | हे.अ. | स्वास्थ्य | १ | १ | |
| १५ | सि.अ.न.मि. | नर्सिङ्ग | १ | १ | |
| १६ | सहायक महिला निरिक्षक | विविध | १ | ० | |
| १७ | खापासटे | सिभिल | १ | १ | |
| कृषि | | | | | |
| १८ | कृषि विकास अधिकृत | नेपाल कृषि सेवा | १ | ० | |
| १९ | कृषि प्राविधिक पाँचौ | नेपाल कृषि सेवा | २ | १ | करार |
| २० | सहायक चौथो | नेपाल कृषि सेवा | १ | १ | करार |
| पशु सेवा | | | | | |
| २१ | पशु स्वास्थ्य अधिकृत | नेपाल कृषि सेवा | १ | ० | |
| २१ | पशु स्वास्थ्य प्राविधिक पाँचौ | नेपाल कृषि सेवा | २ | ० | |
| २३ | ना.प्र.स्वा.प्राविधिक चौथो | नेपाल कृषि सेवा | २ | १ | करार |

**४. गौमुल गाउँपालिका, बाजुरामा रहेका शाखा र जिम्मेवार अधिकारीः**

| क्र.सं. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क नं. |
|---|---|---|---|
| १ | पूर्वाधार विकास शाखा | धर्म बहादुर खडायत | ९८६०६८००६७ |
| २ | आर्थिक प्रशासन शाखा | भोजराज भट्ट | ९८६७५९२०४६ |
| ३ | प्रशासन शाखा | कुलराज उपाध्या | |
| ४ | स्वास्थ्य शाखा | हरिश चन्द वि क | ९८४८८२८३५१ |
| ५ | कृषि शाखा | प्रेम बोहरा | ९८६९९०७४७४ |
| ६ | पशु सेवा शाखा | लोकेन्द्र रोकाया | ९८४८८८७४०९ |
| ७ | युवा खेलकुद तथा शिक्षा शाखा | राम नाथ | ९८६८५७७५४० |
| ८ | रोजगार सेवा केन्द्र। महिला विकास शाखा | सिर्जना विष्ट रोकाया | ९८४८४८०७२२ |
| ९ | पञ्जिकरण शाखा | बहादुर बोहरा | ९७६५५८१८०४ |
| १० | विपद् व्यवस्थापन शाखा | रण वि क | ९८४८४३७२१३ |
| ११ | जिन्सी शाखा | गणेश रोकाया | ९८४८६९४४२५ |

५. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** प्रचलित कानून बमोजिम ।

६. **सम्पादन गरेको कामको विवरणः (आर्थिक वर्ष २०८०।०८१ को बार्षिक)**

➢ **कृषि/पशु तर्फ**

● गौमुल गाँउपालिका पशु शाखा अन्तरगत विभिन्न पशुमा लाग्ने रोगको निदानका साथै आबश्यक औषधिहरु खरिद परी परामर्ष शेवा संचालन गरिएको छ ।

● कृषीशाखा बाट विभिन्न रैथानेबालीहरु संरक्षणा पर्बद्धन र विभिन्न फलफलुलका बोटविरुवाहरु कृषकहरुलाइ वितरण गरी जिवको पार्जनमा सहयोग पुगेको छ ।

● पालिका भरिका कृषकहरुका लागि गहुँको बीउ परिवर्तन गर्नका लागि 80 क्विन्ट गहुको विउ वितरण गरिएको छ ।

● पालिका भरिका कृषकको सहभागितामा वृहत कृषि तथा खाद्य मेला प्रदर्शनी कार्यक्रम सम्पन्न भएको छ ।

- यस पालिकाका वडा न १ देखि ६ सम्मका कृषकहरु ले पालिराखेका पशु चौपाया जस्तै गाई गोरु र भैसिहरु मा महामारिको रुपमा फैलियको भाईरस द्रारा सर्ने गाई गोरु र भैसि को शरिरमा गाँठा आउने ज्वारो मृत्यु हुने जस्ता रोग लाई नियन्त्रण गर्नका लागि औषधि र खोप सहित बोकेर प्राविधिक कृषकको घर दैलोर गोठ र खर्कमा पुगी समस्या समाधान गरिएको छ।
- कृषकहरु ले पालिराखेका पशु पन्छि तथा चौपायाहरु लाई बिभिन्न प्रकारका रोगहरु वाट बचाउँनका लागि औषधि तथा खोप खरिद गर्ने काम गरिएको छ साथै कृषकहरु लाई सेवा २ वटा सेवा केन्द्र निलासैन र सियाढुङ्गा वाट सेवा प्रदान गरिएको छ।
- प्रजन्नमा सुधार लयाउनका लागि कृत्रिम गर्भाधान कार्यक्रम १ जना प्राविधिक लाई तालिम र उपकरण खरिद गर्ने काम गरिएको छ।
- कृषि तथा पशुपन्छि विमा सम्वन्धि तालिम २ जना प्राविधिक लाई तालिम प्रदान गरिएको छ।
- पकेट क्षेत्रमा खोर/गोठ सुधार कार्यक्रम वडा न ४ र ५ र ६ मा ९ वटा भैसि पालन कृषकहरु लाई प्रत्यक वडा वाट ३ / ३ जना काम सुचारु छ।
- कृषि पशुपन्छि तथा मत्स्य तथ्याङ्क अध्यावदिक कार्यक्रम संचालन गरिएको छ।
- प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना अन्तरगत फलफुलको थप नया पकेट विस्तारको लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- कृषकहरुलाई आवश्यक पर्ने हिउदे तरकारीको विउ ८५ प्रतिशत अनुदानमा वितरण गरिएको छ।
- दिवा खाजामा थप पोषण स्थापित गरि बालबालिकालाई कुपोषणबाट जोगाउनका लागि गौमुलका ६ वटा आधारभुत तहका विद्यालयहरुमा दिवा खाजा अन्तरगत रैथाने बालिका परिकारहरुको खाजा र दाल खुवाउने गरेको छ।
- जौ तथा सिमि ढुवानी र प्रशोधनका कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गरएको छ।
- मसला खेतीप्रर्वद्धन गर्न प्रत्येक वडामाका टोलहरुमा कृषक समुहमार्फत अलैची, अदुवा, खुर्सानी आदीमसला बालीको व्यावसायिक खेतीको सुरुवात गरिनु का साथै उत्पादन पश्चात सिर्जना मसाल उद्योग मार्फत प्रशोधनको कार्य निरन्तर गरिएको छ।
- सिमि तथा जौ बालीको उत्पादनको क्षेत्र विस्तार गरि सिमि ८० क्विन्टल र जौ ७५ क्विन्टल बजारिकरणको लागि ढुवानी अनुदान र जौ प्रशोधन केन्द्र मार्फत आन्तरिक बजार तथा बाह्य बजारमा बिक्रि वितरण गरिएको छ।
- कृषकले उत्पादन गरेको खाद्यन्न बालीको विउ सुरक्षित राख्न समुदाय स्तरमा सिडविन तथा सुपरग्रिन ब्यागको सार्वजनिक सुचना मार्फत माग संकलन गरि वितरण कार्य नियमित रहेको छ।
- कृषकको क्षेमता विकाशका लागि पटक पटक समुह छलफल अनुगमन, मुल्यांकन गरी सफल कृषकहरुलाई विभिन्न जिल्ला तथा क्षेत्र स्तरका तालिममा सहभागि गराउने कार्य नियमित भईरहेको छ।
- कृषकका साझा समस्या समाधान गर्न बाली संरक्षण सेवा, प्राविधिक सेवा, क्षेमता विकाश तालिम, गोष्ठी आदी कार्यक्रमहरु आवश्यकता अनुसार निरन्तररुपमा संचालन हुदै आएका छन।
- गाउँपालिका भित्र समुदाय स्तरमा संचालन हुने विभिन्न कृषि क्षेत्रका क्रियाकलाप तथा सन्देशमुलक सुचना तथा जानकारी रेडियो तथा विभिन्न संचारमाध्याम द्धारा प्रकाशन प्रशारण गर्दै आएको छ।

- भेटेरिनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको समन्वयमा पालिकाका ६ वटै वडामा पशु स्वास्थ्य शिविर संचालन गरिएको छ ।

➢ **स्वास्थ्य तर्फ**

**खोप कार्यक्रम**

| सुचकहरू | २०७८/०७९ | २०७९ /०८० | २०८० /०८१ | ± अवस्था |
|---|---|---|---|---|
| बि.सि.जी. कभरेज | ८३ | ७१.४ | ६० | |
| डि.पि.टी.हेप.बि.हिब ३ कभरेज | ८६.१ | ७१.४ | ५८ | |
| ओ.पि.भि.३ कभरेज | ८५ | ७१.४ | ५८ | |
| पि.सि.भि. ३ कभरेज | ८७ | ७२.३ | ५७ | |
| रोटा २ कभरेज | ८१.५ | ७६.४ | ६३ | |
| एफ. आइ.पी.भि. १ कभरेज | ८७.४ | ६३.१ | ४० | |
| जे.ई. कभरेज | ७७.१ | ७८.१ | ६५ | |
| दादुरा रूबेला २ कभरेज | ८३.१ | ७७.६ | ५७ | |
| टि.डि. २ र २+ कभरेज | ६६ | ५९ | ३९ | |
| पूर्ण खोप कभरेज | | ७८ | ५७ | |
| डि.पी.टी–हेप बि १– दादुरा रूवेला दोस्रो बिचको ड्रपआउट दर | २.७ | -६.३ | ८ | |
| वि.सि.जि खोप र दादुरा रूवेला पहिलो खोप पहिलो बिचको ड्रपआउट दर | -३ | -३.१८ | ६ | |

- मासिक रुपमा स्वास्थ्य संस्थाहरुको बैठक तथा समिक्षा ।
- मासिक ,अर्धबार्षिक र बार्षिक रुपमा स्वास्थ्य संस्थाहरुको समिक्षा र विभिन्न गोष्ठी संचालन
- क्षयरोग खोजपड्ता तथा स्वास्थ्य शिविर संचालन
- महिला स्वास्थ्य स्वय सेविकाहरुको समिक्षा ,पोषण डाटा संकलन र विभिन्न गोष्ठीहरु संचालन
- औषधि खरिद तथा व्यवस्थापन र निरन्तर रुपमा वितरण गरिएको छ ।
- स्वास्थ्य कर्मिहरुको क्षमता अभिबृद्का लागि आन्तरिक र बाह्यरुपमा पहल
- तथ्याङ बिश्लेषण तथा प्रसोधन गरिएको छ ।
- स्वास्थ्य संस्थामा हुने सुत्केरीलाई तत्काल पैसा दिने व्यवस्था गरिएको छ ।
- मोबाईल स्वास्थ्यका कार्यक्रमका लागि रिचार्ज खर्चको व्यवस्था गरिएको छ।
- विधालय र समुदायलाई स्वास्थ्य शिक्षालाई निरन्तरता
- गर्भवतिलाई भिडियो एक्सरे र अन्य सेवाहरु निरन्तरता
- रिफर विमारीको उपयुक्त रिफरको समन्वयको व्यवस्था गरिएको छ ।
- फार्मेसि , एक्सरे र अन्य सेवाहरु निरन्तरता
- महिला स्वास्थ्य स्वय सेविकाहरुको पोषक तथा यातायात खर्च प्रधान गरिएको छ।
- पूर्ण खोपयुक्त वडा र पालिका गरिएको छ ।
- जन्मे देखि ५९ महिना बच्चाहरुको बृद्धि अनुगमन ।
- मातृ तथा नवजात शिशु कार्यक्रम र समिक्षा ।

- स्वास्थ्य शिविर संचालन ।
- औषधि खरिद तथा व्यवस्थापन ।
- महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई स्टेचर वितरण ।
- तथ्याङ्क संकलन तथा समिक्षा ।
- स्वास्थ्य स्वयमसेविकाहरु परिवर्तन भएका कारण स्वास्थ्य स्वयमसेविकाहरुलाई आभारभुत तालिम ।
- पालिकाबाट निरन्तर रुपमा सेवा प्रभाव र तालिम संचालन ।

**Birthing Center को विवरण**

| **Birthing Centre को नाम** | **कार्यरत नर्सिङ स्टाफ संख्या** | **SBA तालिम प्राप्त स्वास्थ्यकर्मी संख्या** | **आ.व २०७९/०८० को जम्मा प्रशुती गराईएको संख्या** |
|---|---|---|---|
| अन्द्राडी सामुदायिक स्वास्थ्य एकाई गौमुल १ | १ | १ | ३ |
| अम्लिस आधारभुत स्वास्थ्य केन्द्र गौमुल १ | ३ | १ | १५ |
| मल्लोदुगुन सामुदायिक स्वास्थ्य एकाई गौमुल २ | १ | १ | १० |
| तल्लोदुगुन सामुदायिक एकाई गौमुल २ | १ | ० | २ |
| दहकोट स्वास्थ्य चौकी गौमुल २ | २ | १ | १६ |
| माझपालि आधारभुत स्वास्थ्य केन्द्र गौमुल ३ | ३ | १ | १५ |
| मानाकोट स्वास्थ्य चौकी गौमुल ४ | ३ | ३ | ३२ |
| नक्रराडा आधारभुत स्वास्थ्य केन्द्र गौमुल ५ | २ | १ | १८ |
| घटमुना आधारभुत अस्पताल गौमुल ६ | ४ | १ | २६ |

**प्रजनन स्वास्थ्य रुग्णता सेवा**

| प्रजनन स्वास्थ्य रुग्णता सेवाहरु | जांच गरेको संख्या | पहिचान भएको संख्या |
|---|---|---|
| पाठेघरको मुखको क्यान्सर जांच (सबै विधिबाट) | 0 | 0 |
| पाठेघरको मुखको क्यान्सर जांच (VIA विधिबाट) | ४९ | 0 |
| Fistula को जांच | 0 | 0 |
| आङ् खस्ने समस्याको जांच | ६३ | १९ |

| आङ् खस्ने समस्या | महिलाको संख्या |
|---|---|
| Prolapse पत्ता लागेका (Stage 1 and 2) | १० |
| Prolapse पत्ता लागेका (Stage 3) | ६ |
| Prolapse पत्ता लागेका (Stage 4) | ३ |
| Ring Pessary लगाएको | १० |
| शल्यक्रिया गरेको | 0 |
| पाठेघरको मुखको क्यान्सर र Obstetric fistula | महिलाको संख्या |
| Thermocoagulation र Cryotherapy गराएको | 0 |
| Obstetric fistula को शल्यक्रिया गरेको | 0 |

➢ **पूर्वाधार तथा योजना शाखा**

- **गौमुल गाउँपालिकाले आ व २०८०।८१ मा संचालन भएका योजनाहरुको विवरण:**

  १. घटाल आ.वि.भवन निर्माण योजना E-Bidding

  २. सत्य आ.वि.भवन निर्माण योजना E-Bidding

  ३. आगर देखि वडा नं २ जोड्ने सडक निर्माण योजना E-Bidding

४. गेरेनीघाट देखि वडा नं. ३ जोड्ने सडक निर्माण योजना
५. तुसारीगाड लघु जलविघुत नहर निर्माण योजना
६. थारखोला लघु जलविघुत नहर मर्मत योजना
७. औषधी खरिद E-Bidding
८. जिन्सी सामाग्री खरिद E-Bidding
९. रोजगार सामाग्री खरिद E-Bidding
१०. औषधी खरिद दोस्रो E-Bidding
११. सडक बोर्ड बाट मानाकोट सडक मर्मत E-Bidding
१२. सियाढुङ्गा पशु केन्द्र टहरा निर्माण
१३. २ नं वडा कार्यालय स्टोर निर्माण योजना
१४.अम्लिस खेल मैदान निर्माण योजना
१५ हिमशिखर आ.वि. रिटेनीङ्ग वाल निर्माण योजना
१६ बुढीगंगा काठेपुल तथा सडक मर्मत

- **गौमुल गाउँपालिका मा हाल सम्म सम्पन्न भएका बिद्यालयहरुः**

१. मानाकोट मा.वि. भवन निर्माण योजना
२.कैलाशकोट आ.वि. भवन निर्माण योजना
३. पाते आ.वि. भवन निर्माण योजना
४. प्रभात आ.वि. भवन निर्माण योजना
५.जनज्योती मा.वि. भवन निर्माण योजना
६.फुलपाटा मा.वि. भवन निर्माण योजना
७. सरस्वती आ.वि. भवन निर्माण योजना
८.जीवनज्योती आ.वि. भवन निर्माण योजना
९. गर्जे आ.वि. भवन निर्माण योजना
१०.कैलाश आ.वि. भवन निर्माण योजना
११.धर्मोदय आ.वि. भवन निर्माण योजना

➢ **पञ्जिकरण शाखा**

**सम्पन क्रियाकलापहरुट्ठ**

- सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको दर्ता नविकरण ।
- बैंक प्रर्णाली बाट सामाजिक सुरक्षा भत्ता वितरणमा सहजीकरण ।
- तेस्रो किस्ताबाट EFT प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी
- ब्यक्तीगत घटना दर्ताका सुचना फारम संकलन र Online दर्ता ।
- सामाजिक सुरक्षाका लागी सुचना फारम सकलन र Online दर्ता।
- दर्ता भएका लाभग्राहीलाइ पासबुक वितरण तथा नामलिस्ट भेरीफिकेसन ।
- विद्युतिय माद्यम EFT मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी १ दिने तालिममा सहभागीता
- ब्यक्तीगत घटना दर्ता सप्ताह संचालन।
- मृतक भएका लाभग्राहीको लगत कट्टा ।
- बायोमेट्रीक भेरीफिकेन सम्बन्धी १ दिने तालिमा सहभागीता

**व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन**

नेपाल सरकार

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

**गौमुल गाउँपालिका**

**जिल्ला :** बाजुरा **गा.पा/न.पा. :** गौमुल **दर्ता मिति देखि :** २०८०-०४-०१ **दर्ता मिति सम्म :** २०८१-०२-२८

| | जन्म | | | | मृत्यु | | | | सम्बन्धबिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | पुरूष | महिला | तेश्रोलिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रोलिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| १ | १० | १० | | २० | ३ | २ | | ५ | | १२ | | | | | | ३७ |
| २ | २३ | १४ | | ३७ | १ | २ | | ३ | | ८ | | | | | | ४८ |
| ३ | २६ | १४ | | ४० | १७ | ४ | | २१ | १ | १४ | | | | | | ७६ |
| ४ | २० | २१ | | ४१ | ६ | ६ | | १२ | | १५ | | | | | | ६८ |
| ५ | २१ | १२ | | ३३ | ५ | ३ | | ८ | १ | १० | | | १ | ३ | | ५३ |
| ६ | २४ | २५ | | ४९ | ५ | २ | | ७ | | १० | | | २ | २ | | ६८ |
| **जम्मा** | १२४ | ९६ | ० | २२० | ३७ | १९ | ० | ५६ | २ | ६९ | ० | ० | ३ | ५ | ० | ३५० |

- सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको EFT मार्फत सम्बन्धित ब्यक्तीको खातामा रकम भुक्तानी गर्ने प्रकृया भएको
- सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको बैंक खातामा जम्मा हुदा रकम सुरक्षित भइ सम्बन्धीत ब्यक्तीले पाउने गरेको।
- ब्यक्तीगत घटना दर्ताहरु पूर्ण रुपमा Online मा दर्ता भएको।
- सामाजिक सुरक्षा भत्ता वितरण समय भित्र सबै लाभग्राहीहरुले सुचना पाए अनुरुप बैंक मार्फत पाउने गरेको।
- ९८ प्रतिशत लाभग्राहीहरुले समयमै बैंक खाता खोल्ने गरेको।
- ब्यक्तीगत घटना दर्ता अन्तरगत जन्मदर्ता ३५ दिन भित्र गर्ने संख्या बढेको छ।
- सामाजिक सुरक्षा भत्ता भेरीफिकेसनका लागी बायोमेस्ट्रीक ८भाइस सम्बन्धी कर्मचारीहरुको क्षमता विकास भएको।

**सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही संख्यात्मक विवरणः**

अनुसूची ४

दफा ७ सँग सम्बन्धित

संख्यात्मक विवरण

जिल्ला : बाजुरा गा.पा/न.पा. : गौमुल आर्थिक वर्ष : २०८०/८१

| लक्षित समुह | गत आ.व. बाट नविकरण भएको संङ्ख्या (१) | पहिलो त्रैमासिक | | | दोस्रो त्रैमासिक | | | तेस्रो त्रैमासिक | | | चौँथो त्रैमासिक | | | बार्षिक कायम संङ्ख्या | | | जम्मा संङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ थप संङ्ख्या (२) | लगत कट्टा (३) | जम्मा कायम संङ्ख्या (क=१+२-३) | नयाँ थप संङ्ख्या (४) | लगत कट्टा (५) | जम्मा कायम संङ्ख्या (ख=क+४-५) | नयाँ थप संङ्ख्या (६) | लगत कट्टा (७) | जम्मा कायम संङ्ख्या (ग=ख+६-७) | नयाँ थप संङ्ख्या (८) | लगत कट्टा (९) | जम्मा कायम संङ्ख्या (घ=ग+८-९) | पुरुष | महिला | अन्य | |
| अन्य जेष्ठ नागरिक भत्ता | ४०३ | ४ | ५ | ४०२ | २ | ६ | ३९८ | २ | ५ | ३९५ | १० | ० | ४०५ | १९१ | २१४ | ० | ४०५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ३६ | १ | ० | ३७ | ० | ० | ३७ | २ | ० | ३९ | २ | ० | ४१ | २९ | १२ | ० | ४१ |
| जेष्ठ नागरिक एकल महिला | ७३ | ० | १ | ७२ | १ | ० | ७३ | १ | ० | ७४ | ० | ० | ७४ | ० | ७४ | ० | ७४ |
| विधवा | १२१ | १ | ० | १२२ | २ | २ | १२२ | ३ | २ | १२३ | ३ | ० | १२६ | ० | १२६ | ० | १२६ |
| पूर्ण अपाङ्गता भत्ता | ३१ | २ | ० | ३३ | ० | ० | ३३ | ० | ० | ३३ | ० | ० | ३३ | १७ | १६ | ० | ३३ |
| अति अशक्त अपाङ्गता भत्ता | २३ | १ | ० | २४ | ० | ० | २४ | ० | ० | २४ | ० | ० | २४ | १७ | ७ | ० | २४ |
| क्षेत्र तोकिएका बालबालिका | ७७९ | ७८ | ३१ | ८२६ | ३८ | ७१ | ७९३ | ४९ | ५५ | ७८७ | २५ | ० | ८१२ | ४८९ | ३२३ | ० | ८१२ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दलित बालबालिका | २०२ | १७ | ४ | २१५ | ६ | १५ | २०६ | ६ | १९ | १९३ | ६ | ० | १९९ | ११२ | ८७ | ० | १९९ |
| जम्मा | १६६८ | १०४ | ४१ | १७३१ | ४९ | ९४ | १६८६ | ६३ | ८१ | १६६८ | ४६ | ० | १७१४ | ८५५ | ८५९ | ० | १७१४ |

# २०८०।०८१ को सामाजिक सुरक्षा भत्ता विनियोजित र खर्च रकमः

| गौमुल गाउँपालिका | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं १ देखी ६ मा सामाजिक सुरक्षा भत्ता त्रैमासिक तथा बार्षिक २०८०।०८१ विवरण | | | | | | | | | | | |
| लाभान्वित वर्ग | कृयाकलाप न | विनियोजन | पहिलो किस्ता बैंक मार्फत | दोस्रो किस्ता बैंक मार्फत | तेस्रो किस्ता EFT | चौथो किस्ता EFT | तेस्रो किस्ताको बाँकी थप | कुल भुक्तानी | पहिको किस्ता फिर्ता भएको रकम | दोस्रो किस्ता फिर्ता भएको रकम | कुल फेर्ता भएको रकम |
| अति अशक्त अपाङ्ग | 7.1.1.8 | ६६४००० | १५३२१६ | १५१०८८ | १५९६०० | १४६८३२ | १२००० | ६२२७३६ | ६४८४ | ० | ६४८४ |
| असहाय एकल महिला भत्ता (६०वर्ष माथिका) | ७११.२१ | २२३५००० | ५८२५४० | ५८२५४० | ५७१९०० | ५५०६२० | ० | २२८७६०० | ० | ७५५ | ७५५ |
| क्षेत्र तोकिएका बालबालिका | ७११.४३ | ५७६५००० | १३१३०५२ | १३१९९५० | १२४४४५९ | १२२८८८१ | ७४४८ | ५११३७९० | ३२५२३ | २८६२२ | ६११४५ |
| विधुवा महिला | ७११.६ | ३९९०००० | ९८७३०३ | ९९७५०० | ९८७०४१ | ९९७५०० | ७९८० | ३९७७३२४ | २३९४० | ७९८० | ३१९२० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ नागरिक भत्ता (दलित ६० वर्ष माथि) | ७११.१८ | १२१३००० | २९५२६० | २८९९४० | ३०३२४० | २९५२६० | ० | ११८३७०० | ० | ० | ० |
| दलित बालबालिका | ७११.१० | १५०७००० | ३३५२१६ | ३४१८१० | ३१८४६८ | ३०६८८२ | ० | १३०२३७६ | ७९८० | ३१९२ | १११७२ |
| जेष्ठ नागरिक भत्ता(६८ बर्ष माथि) | 7.1.1.51 | १८६२४००० | ४८३१५८६ | ४८६५४१९ | ४७७६०००| ४८२६०२८ | ० | १९२९९०३३ | १२००० | ३२६८८ | ४४६८८ |
| अपाङ्गता भत्ता(पूर्ण असक्त अपाङ्गता भएको) | ७११.२३ | १४८५००० | ३९५०१० | ३९५०१० | ३९५०१० | २९५०१० | ० | १४८००४० | ० | ० | ० |
| विनियोजन | | **३५४८३०००** | **८८९३१८३** | **८९४३२५७** | **८७५५७१८** | **८६४७०१३** | **२७४२८** | **३५२६६५९९** | **८२९२७** | **७३२३७** | **१५६१६४** |
| | | कुल विनियोजित बजेट | **३५४८३०००** | | | | | | | | |
| | | कुल खर्च रकम | **३५२६६५९९** | | | | | | | | |
| | | कुल बाँकी रकम | **२१६४०१** | | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कुल फेर्ता रकम | १५६१६४ | एक लाख छपन्न हजार एक सय चौसट्टी मात्र | | | |
| | | कुल शा शु विनियोजित खातामा बाँकी | ३७२५६५ | तिन लाख बहत्तर हजार पाँच सय पैसट्टी मात्र | | | |

- **विपद् तथा व्यवस्थापान शाखा**
  - मिति २०८० साल असोज महिनाको १६ गते बझागं जिल्ला केन्द्र विन्दु बनाइ आएको भुकम्पले यस पलिकामा गरेको क्षतीको एकिन गरी विवरण संकलन गरेको ।
  - मिति २०८० साल असोज महिनाको १६ गते बझागं जिल्ला केन्द्र विन्दु बनाइ आएको भुकम्पले क्षती गरेका ५५ घ धु को डिजायन स्टमेट एम्बी तथा अवश्यक कागजात तयारी गरी पहिले किस्ता प्रति ब्यक्ति रु २५००० निकाशाका लागि सहजिकरण गरेको ।
  - ५५ वटा टहरा निर्माणमा आवश्य भौतीक तथा प्राविधिक सहयोग सहजीकरण गरेको ।
  - २०७९ साल माघ महिनाको १० गते आएको भुकम्पबाट क्षती भएका यस गाउपालिकाका ४०३ घरपरिवारको प्रहरी मुचुल्का अनुसुची लगाएतका आवश्यक कागजातहरु तयारी तथा सहजीकरण गरेको ।
  - **मनसुनजन्य विपदबाट क्षती भएका ४८ वटा घरधुरीका लागि घर निर्माण तथा दोस्रो किस्ता निकासाका लागि आवश्यक सहजीकरण गरी प्रति ब्यक्ति रु १३५०००। का दरले निकाशा लिनमा सहजीकरण गरेको ।**
  - **मनसुनजन्य विपद असीना पानी अगलागिका घटनाबाट क्षती भएका घरधुरीका लागि आवश्यक कागजात तथा राहत सामाग्री वितरणमा सहजीकरण गरेको ।**
  - **सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत छनौटमा परेका घरधुरीहरुको आवश्यक कागजात डिजायन स्टमेट सम्झौता लगाएत आवश्यक कागजात तयारी गरी पहिलो किस्ता निकाशाका लागि सहजीकरण गरेको ।**
  - **प्रत्येक वडाहरुमा बर्षातको समयमा हुन सक्ने क्षतीलाइ मध्यनजर गरी वडागत राहत सामाग्री वितरणमा सहजीकरण गरेको ।**
  - **जिल्ला विपद ब्यवस्थापन समितिले ले तोकेका नियमित कामकाजहरु नियमित रुपममा गरेको** Daily reporting ,Data collection.
- **रोजगार सेवा केन्द्र र महिला विकास शाखा**
  - एकिकृत वस्तुस्थिति विवरण संकलन ।
  - आगामी आर्थिक बर्ष २०८१।०८२ का लागि जम्मा १९६० जनामा पुरुष ९६२ र महिला ९९८ जना बेरोजगार व्यक्तिहरु रोजगार व्यवस्थापन सुचना प्रणाली **(EMIS)** मा प्रविष्ट गरीएको छ।
  - आर्थिक वर्ष २०८०।०८१ मा १४२१ बेरोजगार मध्य प्रधानमन्त्री रोजगार बाट ४६ जना र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना बाट ४० जना गरी जम्मा ८६ जनालाई १०० दिनको रोजगारी प्रदान गरी प्रत्येक व्यक्तिको खातामा ६६१३२ जम्मा गरीएको छ।
  - सबै वडामा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरीएको छ।
  - बैदेशिक रोजगारका लागि जान चाहानेहरुका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरीएको छ।
  - श्रम स्वीकृत पुनःश्रम स्वीकृत सम्बन्धि आवश्यक जानकारी तथा सुचना सम्प्रेषण गर्ने कार्य भएको छ।
  - रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ पास गरी संवाद मञ्च गठन गर्ने प्रक्रियामा रहेको छ।
  - कामदारको दैनिक ज्याला रकम बैंक मार्फत भुक्तानी गर्ने व्यवस्था गरीएको छ।

- तिज विशेष कार्यक्रम पालिकाका ६ वटै वडा मा विभिन्न कार्यक्रमहरु जस्तै देउडा नाजगान र दिदिबहिनिहरु मा शुभकामना आदान प्रदान गरि मनाइयो ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान पालिका स्तरका ६ वटै वडामा जनचेतना मुलक कार्यक्रमहरु हिंसा विरुद्धका र्याेलि ,वडा टोल स्तरिय देउडा , कार्यक्रमहरु गरी सम्पन्न गरियो
- ११४औं अन्तराष्ट्रिय नारी दिवस ६ वटै वडामा जनचेतनामुलक कार्यक्रम र्याेलि, वडामा टोल स्तरिय देउडा प्रतियोगिता, हाजिरजवाफ प्रतियोगिता, वक्तित्वकला प्रतियोगिता,र जनचेतनामुलक अन्य कार्यक्रमहरु गरि सम्पन्न गरियो
- अपाङ्गता परिचय पत्र वितरण जस मध्ये क वर्ग २ जना ख वर्ग १ जना ग वर्ग १ जना र घ वर्ग १ जना गरि जम्मा ५ जनालाई परिचय अपाङ्ग परिचयपत्र वितरण गरियको छ।
- टुहुरा बालबालिकालाई पठनपाठन तथा पालनपोषणका लागि सिफारिस गरिएको छ।
- गौमुल गाउँपालिका वडा नं ६ का अविनास चदारा र ईष्तीका चदारा लाई मामाघर अनाथलय सपोर्ट एण्ड केयर सेन्टर नेपाललाई सिफारिस गरिएको छ।
- वडा नं २ का सरोज रोकायालाई शान्ति सेवा गृहमा सिफारिस गरिएको छ।
- वडा नं ५ का क्रान्ती कुमारी रोकायालाई केन्द्रिय बाल कल्याण समितिमा सिफारिस गरिएको छ।
- सामाजिक विकास कार्यालय मार्तडी बाजुरामा आमा बुवा दुबै नभएका र आर्थिक अवस्था कमजोर तथा दैनिक जीवनयापन गर्न कठिनाइ भएका १८ बर्ष मुनिका बालबालिकाहरुलाई अनुदान दिने कार्यक्रमको लागि यस गौमुल गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुबाट २५ जना बालबालिकाहरुको विवरण पठाईएको छ।
- सामाजिक विकास कार्यालय मार्तडी बाजरा द्धारा ७ दिने सीपविकास तालिम संचालन तथा आयआर्जनका लागि प्रति सहभागि रु २०००० अनुदान दिने कार्यक्रममा गौमुल गाउँपालिकाबाट विपन्न तथा अवसर नपाएका दलित र पिछडिएका महिला वडा नं २ का रमा लवार र वडा नं ६ का शुसिला आर सी लाई सिफारि गरि पठाईयो।

➢ **शिक्षा युवा तथा खेलकुद शाखाः**

| कोड | कार्यक्रम or क्रियाकलाप | स्वीकृत वार्षिक लक्ष्य | | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | कुल प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | भौतिक | वित्तीय |
| 1.1.3.3 | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | 0 | 52800 | 0 | 14609 | 0 | 11613 | 0 | 12042 | 0 | 0 | 0 | 38264 | 0 | 72.47 |
| 1.1.3.4 | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | 0 | 17700 | 0 | 4446 | 0 | 3585 | 0 | 3896 | 0 | 0 | 0 | 11927 | 0 | 67.38 |
| 1.1.4.1 | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | 0 | 7623 | 0 | 1700 | 0 | 1275 | 0 | 1725 | 0 | 0 | 0 | 4700 | 0 | 61.66 |
| 11.1.2.2500 | केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार व्यवस्थापन अनुदान | 0 | 10000 | 0 | 0 | 0 | 0 | 0 | 7600 | 0 | 0 | 0 | 7600 | 0 | 76 |
| 2.4.6.1 | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | 0 | 1819 | 0 | 78 | 0 | 0 | 0 | 1216 | 0 | 0 | 0 | 1294 | 0 | 71.14 |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2.7.13.10 | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | 0 | 1798 | 0 | 0 | 0 | 0 | 0 | 1536 | 0 | 0 | 0 | 1536 | 0 | 85.43 |
| 2.7.13.11 | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | 0 | 500 | 0 | 80 | 0 | 60 | 0 | 60 | 0 | 0 | 0 | 200 | 0 | 40 |
| 2.7.13.13 | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | 0 | 6500 | 0 | 1000 | 0 | 0 | 0 | 650 | 0 | 0 | 0 | 1650 | 0 | 25.38 |
| 2.7.13.23 | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | 0 | 911 | 0 | 0 | 0 | 0 | 0 | 218 | 0 | 0 | 0 | 218 | 0 | 23.93 |
| 2.7.13.40 | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 0 | 4544 | 8 | 1398 | 0 | 1048 | 15 | 1048 | 0 | 0 | 23 | 3494 | 0 | 76.89 |
| 2.7.13.41 | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 0 | 451 | 1 | 138 | 0 | 104 | 0 | 104 | 0 | 0 | 1 | 346 | 0 | 76.72 |
| 2.7.13.49 | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | 0 | 400 | 0 | 0 | 0 | 0 | 0 | 55 | 0 | 0 | 0 | 55 | 0 | 13.75 |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2.7.13.50 | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | 0 | 1458 | 0 | 0 | 0 | 0 | 0 | 1990 | 0 | 0 | 0 | 1990 | 0 | 136.49 |
| 7.2.1.1 | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | 0 | 840 | 0 | 0 | 0 | 0 | 0 | 568 | 0 | 0 | 0 | 568 | 0 | 67.62 |
| | कुल | 0 | 107344 | 9 | 23449 | 0 | 17685 | 15 | 32708 | 0 | 0 | 24 | 73842 | 0 | 68.79 |

## ७. उद्यम विकास ,भुमि शाखा र पोषण शाखाको प्रगति विवरणः

- राष्ट्रिय भूमि आयोगका फारमहरु भर्ने काम ।
- फारमहरु NALCIS software मा entry ।
- NALCIS software मा entry भएका व्यक्तिहरुको निस्सा नं. वितरण ।
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको कार्यविधि २०७८ अनुसार फारम प्रत्येक वडामा गएर स्वाघोषणा ।
- वडा नं. १ मा ३ जना भूमिहिन दलित
  वडा नं. २ मा ३ जना अव्यवस्थित बसोबासी
  वडा नं. ३ मा ५ जना अव्यवस्थित बसोबासी १ जना भूमिहिन दलित
  वडा नं. ४ मा ५० जना अव्यवस्थित बसोबासी
  वडा नं. ५ मा १८ जना अव्यवस्थित बसोबासी
  वडा नं. ६ मा २५ जना अव्यवस्थित बसोबासी र ४ जना भूमिहिन दलित
- व्यवसायिक फर्निचर तालिम गौमुल गाउँपालिका वडा न १ अम्लिसमा २० जना सहभागिहरु लाई प्रदान।
- गौमुल गाउँपालिका वडा न १ देखि ६ सम्मका १२ जना सहभागिलाई २५ दिने सिलाई कटाइ तालिम सन्चालन।
- वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको वैठक संचालन।
- पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको वैठक संचालन।
- समुदायमा बालविवाह,मर्यादित महिनावारि र सुत्केरी अवस्थामा पोषण र सरसफाई विषयमा अभिमुखिकरण कार्यक्रम।
- पोषण सेवा प्रवाहका लागी २९ वटै आमासमुहमा पोषण र सरसफाई सम्बन्धी कार्यक्रम।

## ८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

**क)** कार्यालय प्रमुखः

- नामः जगदिश प्रसाद भट्ट
- पदः प्रमुख प्रशासकीय अधिकृत

**ख) सूचना अधिकारीः**

- नामः हिमाल रोकाया
- पदः सुचना प्रविधि अधिकृत

## ९. ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरुको सूचीः

- आर्थिक कार्यविधि कानुन २०७४
- शिक्षा ऐन २०७४
- कृषि ब्यवसाय प्रवर्द्धन ऐन २०७४
- स्थानिय सेवा करार ऐन २०७४
- सहकारी ऐन २०७४

- गैह्र सरकारी संस्था समन्वय सम्बन्धी ऐन २०७५
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५
- न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५
- प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५
- औधोगिक व्यवसय ऐन २०७६
- तथ्याक संकलन तथा अभिलेख व्यवस्थापन ऐन २०७६
- पूर्वाधार व्यवस्थापन ऐन २०७६
- प्रहरी ऐन २०७६
- स्वास्थ्य तथा सरसफाई ऐन २०७६
- नविकरणीय उर्जा निति २०७७
- वातावरण तथा प्राकृर्तिक स्रोत संरक्षण ऐन २०७८
- वन ऐन २०७८
- बैठक सञ्चालन कार्यविधि २०७४
- गाउँसभा सञ्चालन कार्यविधि २०७४
- कार्यसम्पादन नियमावली २०७४
- प्रमाणीकरण नियमावली २०७४
- छात्रबृति कोष निर्देशिका २०७४
- बजार अनुगमन निर्देशिका २०७४
- घुम्ति कोष सञ्चालन निर्देशिका २०७४
- एफ एम रेडियो सञ्चालन कार्यविधि २०७४
- न्यायीक समितिको कार्यसम्पादन नियमावली २०७४
- करार प्रविधिक कर्मचारी ब्यवस्थापन सम्बन्धी कार्यविधि २०७४
- मदिरा नियन्त्रण तथा ब्यवस्थापन कार्यविधि २०७५
- ब्यवसाय दर्ता तथा नविकरण निर्देशिका २०७५
- उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि २०७५
- आपतकालीन कार्यसञ्चालन विधि, २०७५
- जलश्रोत नियमावली २०७५
- स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५
- अपाङ्गता भएका ब्यक्तीको परिचय पत्र वितरण कार्यविधि, २०७५
- स्थानीय राजपत्रको प्रकाशन सम्बन्धी कार्यविधि २०७५

- शिक्षक समायोजन तगा दर्वन्दी मिलान कार्यविधि २०७५
- सार्वजनिक खरिद नियमावली २०७५
- आर्थिक सहायता कोष संचालन कार्यविधि २०७६
- सामुदायिक रेडियो एफ एम संचालन तथा प्रशारण नियमावलि २०७६
- बैठक तथा भ्रमण खर्च सम्वन्धि निर्देशिका २०७६
- जग्गा भाडामा लिने सम्वन्धि निर्देशिका
- गाउँपालिका स्तरिय खानेपानि योजना मर्मत सम्भार नियमावलि २०७७
- गाउँपालिका स्तरिय खानेपानि सरसफाई तथा स्वच्छता व्यवस्थापन निर्देशिका २०७७
- वालिशक्षा अनुमति तथा समायोजन कार्यिविधि
- रेडियो कार्य संचालन निर्देशिका २०७७
- लैगिक हिसां निवारण कोष संचालन कार्यविधि २०७७
- करारमा शिक्षक नियुक्ति सम्बन्धी निर्देशिका २०७७
- ऊर्जा बिकास उप– समिति गठन तथा सञ्चालन कार्यविधी, २०७७
- अनुगमन तथा सुपरिवेक्षण समिति कार्यविधी, २०७८
- बजेट तथा कार्यक्रम तर्जुमा समिति कार्यविधी, २०७८
- राजश्व परामर्श समितिको कार्यसंचालन कार्यविधी, २०७८ –
- वातावरणिय अध्ययन कार्यविधी, २०७८
- डोजर संचालन कार्यविधी, २०७८ –
- सामुदायिक विध्यालयको सामाजिक र लेखा परिक्षण निर्देशिका २०७८
- गाउँ प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०८०
- मेल मिलाप केन्द्र संचालन कार्यविधि २०८०
- विषयगत समितिहरु संचालन सम्बन्धि कार्यविधि २०८०
- व्यवसाय कर सम्बन्धि कार्यविधि २०८०
- संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणिय परिक्षण कार्यविधि २०८०
- सहलगानी सम्बन्धि कार्यविधि २०८०
- सार्वजनिक जवाफदेहिता प्रवर्द्धन कार्यविधि २०८०
- स्थानीय तहको योजना तर्जुमा युवाको सहभागिता कार्यविधि २०८०
- शिक्षा ऐन दोस्रो संशोधन २०८०
- मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि तेस्रो संशोधन २०८०
- शिक्षक सरुवा तथा काज समब्न्धि कार्यविधि २०८१

- वि व्य स गठन सम्बन्धि कार्यविधि २०८१

**१०.वेभसाईटको विवरण:**

https://gaumulmun.gov.np

**११. प्राप्त गरेको बैदेशिक सहायता,ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण:**

यस कार्यालयलाई कुनै बैदेशिक सहायता,ऋण, अनुदान एवं प्राविधिक सहयोग प्राप्त नभएको।

१२.सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिईएको विषय:

| सि.नं. | लिखित सूचना माग गर्ने व्यक्ति/ संस्थाको नाम र ठेगाना | सूचना माग गरेको बिषय | पाना संख्या | सूचना वापतको शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | शारदा भुषाल झा | | २ | ० | |
| २ | चित्रा रोका | | ४ | | |
| ३ | राधा ढकाल | | २ | | |
| ४ | शिव अधिकारी | | ४ | | |
| ५ | रोशिका खड्का | | २ | | |

**१३.सूचनाहरु अन्यन्त्र प्रकाशन भएका वा सो हुने भएको सो को विवरण:**

क) यस कार्यालयको फेसबुक पेज। वेभसाईट।